कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २४१०८३
दर्ता मिति: २०८३।०४।२८

# सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३

**प्रस्तावना** : सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२ को दफा ३ मा संशोधन** : सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को उपदफा (१) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ :-

"(झ) जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइते लक्षित स्वरोजगार उद्यम कर्जा पन्ध्र लाख रुपैयाँसम्म।"

३. **मूल कार्यविधिको दफा ८ मा संशोधन** : मूल कार्यविधिको दफा ८ को उपदफा (१) को खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छ :-

"(ठ) नेपाल सरकार वा प्रचलित कानून बमोजिम तोकिएको निकायबाट जेन-जी आन्दोलनका शहीद परिवार वा घाइते भएको प्रमाणित भएको।

स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागि "जेन-जी आन्दोलनका शहीद परिवार" भन्नाले जेन-जी अन्दोलनमा शहीद भएको व्यक्तिको पति, पत्नी, छोरा, छोरी, बाबु वा आमालाई जनाउनेछ।"

४. **मूल कार्यविधिको अनुसुची १ मा संशोधन** : मूल कार्यविधिको अनुसूची १ को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"**(छ) जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेका लागि कर्जा** : जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेले स्वरोजगार हुन सञ्चालन गर्ने देहायका उद्योग तथा व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सकिनेछ :-

(१) कृषि तथा पशुपन्छी व्यवसाय
(२) घरेलु तथा साना उद्योग
(३) सेवा व्यवसाय
(४) सूचना प्रविधिमा आधारित व्यवसाय
(५) पर्यटन व्यवसाय
(६) उत्पादनमूलक उद्योग
(७) स्टार्टअप उद्यम
(८) नेपाल सरकारले समय समयमा तोकेका अन्य उत्पादनमूलक तथा रोजगारमूलक व्यवसाय।"

सचिव